# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २७ गते २०३९ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

२०३८ साल माघ २६ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको वागमती विशेष अदालतमा मुद्दा सुम्पिएको आदेशमा काठमाडौं जिल्ला अदालतमा दायर रहेको वादी विलियम रविन्स प्रतिवादी रत्नलाल अग्रवालसमेत भएको जालसाजी किर्ते मुद्दा सुम्पिन छूट हुन गएको सो मुद्दा पनि उक्त सूचनाको खण्ड (क) को ३९ नम्बरपछि ३९ (क) गरी समावेश गरिएको छ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा प्रशासकीय कर्मचारीभन्दा बढी तलब, भत्ता वा कुनै सुविधा पाउने रहेछन् भने त्यस्ता खटी आउने त्यस्ता कर्मचारीलाई समितिमा छउन्जेल समितिका कर्मचारीले पाए सरह तलब भत्ता वा सुविधा दिनमा यस दफाले बाधा पुऱ्याएको मानिने-छैन।

(२) श्री ५ को सरकारको सेवामा रही समितिमा काज खटी आउने प्राविधिक वा प्रशासकीय कर्मचारीको तलब, भत्ता, सेवाका शर्त र अनुशासनीय कारवाही तथा सजायको सम्बन्धमा श्री ५ को सरकारको नियमानुसार हुनेछ।

१०. नियमहरू बनाउने: समितिले आफ्नो कार्य सञ्चालनको लागि नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाएको नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

११. अधिकार प्रत्यायोजन: समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा समितिको कर्मचारीहरूलाई प्रत्यायो-जन गर्न सक्नेछ।

१२. श्री ५ को सरकारसँग सम्पर्क: समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा खानी तथा भूगर्भ विभागमार्फत राख्नु पर्नेछ।

१३. समितिको कार्यालय: समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

आज्ञाले,

सूर्यप्रसाद श्रेष्ठ

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

68

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।